**[स्वास्थ्य परीक्षण कार्यक्रमको निर्देशिका]**

राष्ट्रिय स्वास्थ्य बिमा सेवाले स्वास्थ्य जाँच मार्फत यसको प्रापकहरूलाई चिकित्सा हेरचाह सहयोग र यसको ग्राहकहरूलाई स्वास्थ्य बिमा उपलब्ध गराउँछ। स्वास्थ जाँचको उद्देश्य रोग रोकथाम वा त्यसलाई अझ फैलन दिन रोक्नको लागि समयमा नै पत्ता लगाउनु हो र सुस्वास्थ्यलाई कायम राख्नको लागि उपयुक्त उपायहरू अपनाउन सकिन्छ।

♠ सामान्य स्वास्थ्य परीक्षण**को उद्देश्य** कार्डीओभास्कुलर र सेरेब्रोभास्कुलर जस्तै, हाइपरटेन्सन जस्ता रोगहरुको समयमा नै रोकथाम र पहिचान गर्नको लागि हो। स्क्रिनिङका लागि लक्षित गरेका 20 वर्ष भन्दा माथिकाहरुको परीक्षण प्रत्येक 2 वर्षमा एक पटक हुन्छ। तर्पनि, यसमा कुनै उमेरको हद छैन। स्थानीय सदस्यसँगै गृहिणी काम गर्ने व्यक्तिहरुक जो कार्यालय कामको अनुभव नभएका हरुको वर्षमा एकपटक गरिन्छ।

♠ **मुखको परीक्षण** सामान्य स्वास्थ्य परीक्षण गराएका व्यक्तिहरूमा दन्त क्षय, दाँत तथा गिजाका रोग र त्य स्तै अन्य रोगहरू प्रारम्भिक अवस्थामै पत्ता लगाउनका लागि गरिन्छ।

♠ **क्यान्सर परीक्षण**ले उच्च घटना दरहरू हुने छ वटा मुख्य क्यान्सरहरूलाई ध्यान दिन्छ जसलाई सामान्य विधिहरू मार्फत प्रारम्भिक रूपमा पत्ता लगाउन सकिन्छ र उपचार गर्न सकिने हुन्छन्। क्यान्सर परीक्षणका प्रकार र विषयहरूमा 40 वर्ष माथिका व्यक्तिहरूलाई पेट र स्तनको क्यान्सर, 50 वर्ष माथिका व्यक्तिहरूलाई कोलोन क्यान्सर, 20 वर्ष माथिका महिलाहरूलाई पाठेघरको मुखको क्यान्सर, उच्च जोखिम भएका 40 वर्ष माथिका व्यक्तिहरूलाई कलेजोको क्यान्सर र 30 वर्ष भन्दा बढी समयसम्म दिनमा एक प्याक धुम्रपान गर्ने 54 देखि 74 सम्मका व्यक्तिहरूलाई फोक्सोको क्यान्सर समावेश हुन्छन्। पेट, स्तन, पाठेघर र फोक्सोको क्यान्सरका लागि हरेक दुई वर्षमा एकपटक; कोलोन क्यान्सरका लागि वर्षमा एकपटक र कलेजोको क्यान्सरका लागि वर्षमा दुईपटक परीक्षण अन्तरालहरू हुन्छन्।

♠ **क्यान्सर छानबीन** बढी हुने दर भएको र सरल विधिले समयमा नै पत्ता लगाउन सकिने र उपचार हुने पाँच वटा मुख्य क्यान्सहरूमा केन्द्रित हुन्छ। क्यान्सर छानबिनको प्रकार र विषयहरूमा ४० वर्ष पुगेका व्यक्तिहरूमा ग्यास्ट्रिक क्यान्सर र स्तनको क्यान्सर, ५० वर्ष पुगेकाहरूमा कोलोन क्यान्सर, २० वर्ष पुगेका महिलाहरूमा पाठेघरको क्यान्सर र क्यान्सर हुने उच्च जोखिम भएकाहरूमा कलेजोको क्यान्सर (४० वर्ष कटेकाहरूमा) लगायतका छन्। छानबीन गर्ने मध्यान्तरहरूमा ग्यास्ट्रिक क्यान्सर, स्तन क्यान्सर र पाठेघरको क्यान्सरमा प्रत्येक दुई वर्षमा एकपटक र कलेजेको क्यान्सरको लागि बर्षको दुईपटक हो।

♠ शिशु स्वास्थ्य परीक्षण**मा सामान्यतय स्वास्थ्य रुपमा हुने वृद्दि, विकासको मूल्यांकन, र शिशु स्याहार परामर्शलाई स्वास्थ्य शिक्षाको रुपमा समावेश गरिन्छ। स्क्रिनिङका लागि योग्य भएका 6 वर्ष भन्दा कम उमेरका** 4, 9, 18, 30, 42, 54, र 66 महिना बच्चाहरुले दन्त परीक्षण सहित 10 **पटक सम्म स्क्रिनिङ गर्न पाउँछन्।**

**[स्वास्थ्य परीक्षणको खर्च]**

♠ सामान्य स्वास्थ्य परीक्षण र शिशुको स्वास्थ्य परीक्षणको लागि लाग्ने सम्पूर्ण खर्च यस संस्थाले बेहोर्नेछ। तसर्थ, यी परीक्षणहरू गराउँदा परीक्षण गराउने व्यक्तिले कुनै शुल्क तिर्नुपर्दैन।

♠ क्यान्सर परीक्षणको हकमा, परीक्षण खर्चमध्ये 90% खर्च यस संस्थाले बेहोर्नेछ भने बाँकी 10% खर्च परीक्षण गराउने व्यक्तिले बेहोर्नुपर्नेछ। यद्यपि, सर्भिकल क्यान्सर तथा कोलोन क्यान्सरको परीक्षणको हकमा, परीक्षणमा लाग्ने सम्पूर्ण खर्च यस संस्थाले बेहोर्नेछ।

♠ राष्ट्रिय क्यान्सर स्क्रिनिङ खर्चको सन्दर्भमा (बीमा शुल्कको मापदण्ड स्क्रिनिङ तालिकामा लेखिएको छ). परीक्षण लिने व्यक्तिको 10% परीक्षणको खर्चको भर देशले व्यहोर्ने छ, तसर्थ, परीक्षण लिने व्यक्तिले खर्च व्यहोर्नु पर्दैन।

**[स्वास्थ्य परीक्षणको प्रक्रिया]**

♠ स्वास्थ्य स्क्रिनिङको विषय हेर्नुहोस्

संस्थाले निश्चय गरेका(बस्ने ठाउँ वा काम गर्ने ठाउँ) स्क्रिनिङ कार्यक्रम र स्क्रिनिङकाविषयवस्तु निरीक्षण गर्नुहोस्।

♠ स्वास्थ्य स्क्रिनिङका लागि भेटको समय मिलाउन र स्वास्थ्य स्क्रिनिङ संस्थामा जान

तपाई बसेको ठाउँको "कुनै पनि अधिकार प्राप्त" अस्पतालमा स्वास्थ्य स्क्रिनिङ टेस्टका लागि समय मिलाउन सकिने छ। कृपया स्वास्थ्य भेटका लागि जाँदा तपाईको आफ्नो परिचय-पत्र र मेडिकल जाँचको कार्ड साथमा लैजानुहोस्।

♠ स्वास्थ्य परीक्षण परिणामको विवरण

परीक्षण नतिजा परीक्षण लिइएको स्थानमा परीक्षण निकायद्वारा परिक्षार्थीको सम्पर्क जानकारीमा मेल गरिएको हुनेछ र पुष्टिकरण जाँच सामान्य स्वास्थ्य जाँच नतिजाहरूमा आधारित रोग भएको शंकास्पद व्यक्तिहरूमा सञ्चालन गरिएको हुनेछ।

**[स्वास्थ्य स्क्रिनिङको समयमा पूर्व-सावधानी (ध्यान दिनुपर्ने कुरा)]**

♠ स्वास्थ्य परीक्षण (स्क्रिनिङ) गर्नुभन्दा अघिल्लो दिनको बेलुकाको 9 बजेबाट भोकै बस्नुपर्छ।

- 8 घण्टा भोकै हुनुपर्छ।
- यदि खाली वा भोको पेटमा स्क्रिनिङ (परीक्षण) गरिएन भने सही नतिजा (परिणाम) नआउन सक्छ।

♠ कृपया महिनावारी भएको बेलामा स्क्रिनिङ (परीक्षण) नगराउनुहोस् (महिनावारी भएको 2-3 दिन अघि र पछि)।

♠ स्वास्थ्य परीक्षण निश्चित संख्या (पटक) मा मात्र प्राप्त गरिन्छ। यदि तोकिएको संख्या (पटक) भन्दा बढी पटक परीक्षण भयो भने स्क्रिनिङको खर्च व्यहोर्नु पर्ने हुन्छ।

**स्वास्थ्य परीक्षण कार्यक्रमको निर्देशिका**
**स्वास्थ्य परीक्षण कार्यक्रमको निर्देशिका__अंग्रेजी**
**स्वास्थ्य परीक्षण कार्यक्रमको निर्देशिका__चाइनजि**
**स्वास्थ्य परीक्षण कार्यक्रमको निर्देशिका __जापानजि**
**स्वास्थ्य परीक्षण कार्यक्रमको निर्देशिका __भेतनामी**
**स्वास्थ्य परीक्षण कार्यक्रमको निर्देशिका**
**जानकारी __फिलिपिंस(ट्यागलग)**
**स्वास्थ्य परीक्षण कार्यक्रमको निर्देशिका __थाई**
**स्वास्थ्य परीक्षण कार्यक्रमको निर्देशिका __ओज्बेक टलि**
**स्वास्थ्य परीक्षण कार्यक्रमको निर्देशिका __मंगोलिया**
**स्वास्थ्य परीक्षण कार्यक्रमको निर्देशिका__क्यम्बोकिया**
**स्वास्थ्य परीक्षण कार्यक्रमको निर्देशिका __नेपाली**
**स्वास्थ्य परीक्षण कार्यक्रमको निर्देशिका __इन्डोनेसियन**
**स्वास्थ्य परीक्षण कार्यक्रमको निर्देशिका__**सहिल
स्वास्थ परीक्षण कार्यक्रमको जानकारी__रसिया
स्वास्थ्य छानबीन कार्यक्रम जानकारी बर्मेली

"तपाईंलाई खुसी राख्नको लागि सानासाना कुराहरू गर्ने गर्छौं; राष्ट्रिय स्वास्थ्य बिमा सेवा तपाईंसँग छ।"

**स्वास्थ्य तथा कल्याण मन्त्रालय,**
**राष्ट्रिय स्वास्थ्य बीमा सेवा**

【9 कार्डीओभास्कुलर र सेरेब्रोभास्कुलर रोगका लागि सुझावहरु】
<सन्दर्भ: स्वास्थ्य तथा कल्याण मन्त्रालय>

1_धुम्रपान गर्न छोड्ने।
2_मदिरा सेवन गर्न कम गर्ने, एकदिनमा 1 वा 2 ग्लासमा कम गर्ने।
3_स्वस्थ भोजनको व्यवस्थापन गर्ने र प्रशस्त मात्रामा तरकारी र माछा खाने।
4_सम्भव भएसम्म दिनमा 30 मिनेट भन्दा बढी व्यायाम गर्ने।
5_उचित तौलको व्यवस्थापन गर्ने। नियमित कम्मरको नाप लिने।
6_तनावलाई कम गराउनुहोस् र जीवनको आनन्द लिनुहोस्।
7_समय-समयमा रक्तचाप, रगतमा चिनीको मात्रा र कोलेस्टरल नाप्नुहोस्।
8_हाइपरटेन्सन, मधुमेह, र हाईपरलिपिडिमियालाई कम गराउनुहोस् र उपचार गराउनुहोस्।
9_स्ट्रोक (मस्तिष्किघात) र ट्रान्स्मुरल माइओकार्डीअल इन्फ्र्याक्सनलाई एकदमै याद दिनुहोस्, र आपतकालिन समयमा तत्काल औषधि उपचारलाई ध्यान दिनुहोस्।

**【विदेशी भाषाहरूमा भएको HNIS को वेब पृष्ठ】**

- ☞ http://www.nhis.or.kr/english/
- ☞ http://www.nhis.or.kr/japanese/
- ☞ http://www.nhis.or.kr/chinese/
- ☞ http://www.nhis.or.kr/vietnamese/

**【NHIS को अंग्रेजी कल सेन्टर】**
☎ 033-811-2000
साङ्केतिक भाषामा प्रश्नावली र स्वास्थ्य परीक्षणको जानकारी】Health iN गृहपृष्ठ